गण्डकी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
**कृषि ज्ञान केन्द्र**
तनहुँ

टेलिफोन/फ्याक्स : ०६५-५६३१३०
Email: akctanahun@gmail.com
Website: tanahun.akc.gov.np

पत्र संख्याः ०८२/८३
चलानी नं. ७९

मितिः२०८२।०५।२२

श्री स्थानीय तह सबै,
तनहुँ जिल्ला ।

विषयः सूचना टाँस सम्बन्धमा ।

प्रस्तुत विषयमा यस कार्यालयको आ.व. २०८२।०८३ को वार्षिक स्वीकृत कार्यक्रम बमोजिम तनहुँ जिल्लाभित्रका कृषि फर्म/कृषि कम्पनी/कृषक समूह तथा कृषि सहकारीहरुको लागत साझेदारीमा संचालन हुने कार्यक्रममा सहभागिताको लागि यस केन्द्रबाट मिति २०८२।०५।२२ गतेको प्रकाशित **कार्यक्रम संचालनको लागि आवेदन/प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना** यसै पत्रसाथ संलग्न राखि पठाइएको छ । तहाँ कार्यालय अन्तर्गत सूचना पाटीमा टाँस गरी सम्पूर्ण वडा कार्यालयमा समेत सूचना प्रवाह गरी सूचना सम्प्रेषणमा सहयोग गरिदिनुहुन हार्दिक अनुरोध गरिन्छ ।

..............................
सुरज गैहे
निमित्त प्रमुख

निमित्त प्रमुख

गण्डकी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र, तनहुँ

फो.नं:०६५-५६३१३०
ईमेल:akctanahun@gmail.com
वेवसाईट:tanahun.akc.gov.np

## कार्यक्रम संचालनको लागि आवेदन/प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना

*(प्रथम पटक प्रकाशन भएको मिति २०८२/०५/२२)*

यस केन्द्रको आ.व. २०८२/०८३ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार तपसिलका कार्यक्रम संचालन गर्न इच्छुक तनहुँ जिल्ला भित्रका कृषि फर्म/कृषि कम्पनी, कृषक समूह तथा कृषि सहकारी संस्थाले यो सूचना प्रकाशित भएको मितिबाट ३५ दिनभित्र (२०८२/०६/२६ गते सम्म) तोकिएको ढाँचामा कार्यक्रम प्रस्तावना सहित तपसिल बमोजिमका आवश्यक कागजातहरु संलग्न राखी यस केन्द्रमा निवेदन पेश गर्नुहुन सम्वन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशन गरिएको छ ।

<u>तपसिल</u>

| क.सं. | कार्यक्रमको नाम | अनुदान प्रतिशत | कार्यक्रमको लक्ष्य | बजेट रू लाखमा | कैफियत |
|---|---|---|---|---|---|
| १ | **कृषिको उत्पादन र उत्पादकत्व अभिबृद्धि कार्यक्रमहरू** | | | | |
| १.१ | फलफूल बगैंचा स्थापना तथा विस्तार कार्यक्रम | ५०-९० | १० हेक्टर | १५ | कृषि फर्म/कम्पनीको हकमा कम्तीमा ३ रोपनी र कृषक समूह/सहकारीको हकमा कम्तीमा १० घरधुरी संलग्न भई न्युनतम ३० रोपनी क्षेत्रफलमा खेती गर्नुपर्नेछ। (फलफूल विकास सम्बन्धी कार्यक्रम सञ्चालन मापदण्ड, २०८२) |
| १.२ | फलफूल बगैंचा व्यवस्थापन तथा सुदृढीकरण सहयोग कार्यक्रम | ५०-९० | १० हेक्टर | ६ | |
| १.३ | सुन्तलाजात फलफूल बगैंचा स्थापना तथा विस्तार कार्यक्रम | ५०-९० | ५ हेक्टर | ७.५ | |
| १.४ | सुन्तलाजात फलफूल बगैंचा सुदृढीकरण | ५०-९० | ५० हेक्टर | ३० | |
| १.५ | खाद्यान्न वाली उत्पादन प्रवर्द्धन कार्यक्रम | ५०-९० | ४० हेक्टर | ४० | कृषक समूह/कृषि सहकारीद्वारा कम्तीमा १० घरधुरी संलग्न भई कम्तीमा १०० रोपनी क्षेत्रफल र संलग्न प्रत्येक घरधुरीले कम्तीमा ३ रोपनीमा खेती गर्नुपर्नेछ। (खाद्यान्नवाली प्रवर्द्धन सम्बन्धी कार्यक्रम [illegible] मापदण्ड, २०८२) |
| १.६ | आत्मनिर्भरताको लागि बीउ उत्पादन प्रवर्द्धन कार्यक्रम | ५०-९० | ३ हेक्टर | ४.५ | खाधान्नबाली, तरकारी वाली, आलु, तेलहन र दलहन बालीको कलष्टरमा बीउ उत्पादन कार्यक्रम सञ्चालन गर्नुपर्नेछ। (बीउ उत्पादन प्रवर्द्धन सम्बन्धि कार्यक्रम सञ्चालन मापदण्ड, २०८२) |
| १.७ | व्यवसायिक तरकारी खेती सहयोग कार्यक्रम | ५०-९० | १ पटक | २५ | कृषि फर्म/कम्पनी मार्फत खुल्ला जमिनमा २ रोपनी क्षेत्रफल वा संरक्षित संरचना भित्र १४० वर्ग मि. क्षेत्रफल र कृषक समूह/सहकारीको हकमा कम्तीमा १० घरधुरी संलग्न भई खुल्ला जमिनमा १० रोपनी वा संरक्षित संरचनाभित्र १००० वर्ग मि. क्षेत्रफलमा खेती गर्नुपर्नेछ। (व्यावसायिक तरकारी खेती सहयोग कार्यक्रम सञ्चालन मापदण्ड, २०८२) |
| १.८ | समुदायस्तरमा खायन आलु उत्पादन प्रवर्द्धन कार्यक्रम | ५०-९० | ३७ हेक्टर | ४८.१ | कार्यक्रम सञ्चालनका लागि कृषि फर्म/कृषि कम्पनीको हकमा कम्तीमा २० रोपनी र कृषक समूह/कृषि सहकारीको हकमा कम्तीमा १० घरधुरी संलग्न भई कम्तीमा ३० रोपनीको कलष्टरका साथै समूह/सहकारीमा संलग्न प्रत्येक कृषकले कम्तीमा १ रोपनीमा खेती गर्ने क्षेत्रफल कायम गर्नुपर्नेछ। (आलु उत्पादन प्रवर्द्धन सम्बन्धि कार्यक्रम सञ्चालन मापदण्ड, २०८२) |
| १.९ | चैतेधान उत्पादन प्रवर्द्धन कार्यक्रम | ५०-९० | ९५ हेक्टर | ९५ | कृषि समूह/सहकारीमा कम्तिमा १० घरधुरी संलग्न भई न्यूनतम ५० रोपनी क्षेत्रफल क्षेत्रफल र संलग्न प्रत्येक घरधुरीले कम्तीमा ३ रोपनीमा चैतेधान खेती गर्नुपर्नेछ। (खाद्यान्नबाली प्रवर्द्धन सम्बन्धी कार्यक्रम सञ्चालन मापदण्ड, २०८२) |
| १.१० | फलफूल नर्सरी स्थापना तथा सञ्चालन | ५० | २ संख्या | १० | कृषि फर्म, कृषि कम्पनी, कृषक समूह तथा कृषि सहकारीले कार्यक्रममा आवेदन दिन सक्नेछन्। (फलफूल, तरकारी तथा नगदेबाली बिरुवा नर्सरी/स्रोत केन्द्र स्थापना सम्बन्धि कार्यक्रम सञ्चालन मापदण्ड, २०८२) |
| १.११ | लोकमार्ग/कोरिडोर केन्द्रित | ५०-९० | १ पटक | ३५ | कालिगण्डकी कोरिडोरसंग जोडिएका स्थानीय तहका कृषि फर्म, कृषि |

निमित्त प्रमुख

| क्र.सं. | कार्यक्रमको नाम | अनुदान प्रतिशत | कार्यक्रमको लक्ष्य | बजेट रू लाखमा | कैफियत |
|---|---|---|---|---|---|
| | कृषि उत्पादन तथा प्रवर्द्धन कार्यक्रम | | | | कम्पनी, कृषक समूह तथा कृषि सहकारी मार्फत विविध कृषिजन्य बालीहरुमा मापदण्डमा तोकिए बमोजिम सञ्चालन गर्नुपर्ने (लोकमार्ग/कोरिडोर केन्द्रित कृषि उत्पादन प्रवर्द्धन कार्यक्रम सञ्चालन मापदण्ड, २०८२) |
| २. | **समुदाय लक्षित खाद्य सुरक्षा कार्यक्रम** | | | | |
| २.१ | रैथाने तथा स्थानीय बाली विकास कार्यक्रम | ५०-९० | २ पटक | १० | कृषक समूह/सहकारीको हकमा कम्तीमा ७ घरधुरी संलग्न भई कम्तीमा ३० रोपनीका साथै संलग्न प्रत्येक घरधुरीले कम्तीमा २ रोपनीमा खेती गर्नुपर्नेछ। कृषि फर्म/कम्पनीको हकमा कम्तीमा १० रोपनी र व्यक्तिगत कृषकको हकमा एकै कलष्टरमा कम्तीमा ५ रोपनी क्षेत्रफलमा खेती गर्नुपर्नेछ। (रैथाने तथा स्थानीय बाली विकास कार्यक्रम सञ्चालन मापदण्ड, २०८२) |
| २.२ | ग्रामीण पोषण सुरक्षण कार्यक्रम | बढीमा ९० | ३ पटक | १५ | कम्तीमा २५ घरधुरी संलग्न भई खाद्य तथा पोषण सुरक्षाको लागि विविध कार्यक्रम गर्नु पर्ने। (ग्रामीण पोषण सुरक्षण कार्यक्रम सञ्चालन मापदण्ड, २०७८) |
| ३ | **कृषि उद्यम प्रवर्धन कार्यक्रम** | | | | |
| ३.१ | निर्यातजन्य कृषि वस्तु प्रवर्द्धन कार्यक्रम | ५० | २ पटक | १० | कफी, अलैंची, चिया, मह, अदुवा, बेसार, अकबरे खुर्सानी आदि उत्पादन तथा बजारीकरणका लागि कृषि फर्म, कृषि कम्पनी, कृषक समूह तथा कृषि सहकारीले कार्यक्रममा आवेदन दिन सक्नेछन्। (निर्यातयोग्य कृषि वस्तु प्रवर्द्धन कार्यक्रम सञ्चालन मापदण्ड, २०८२) |
| ३.२ | कृषि उद्यम विकास कार्यक्रम | ५० | ७ पटक | ३५ | कृषि उपजको ग्रेडिङ, लेबलिङ, प्याकिङ तथा प्रशोधन सम्बन्धि कार्यका लागि कृषि फर्म, कृषि कम्पनी, कृषक समूह तथा कृषि सहकारीले कार्यक्रममा आवेदन दिन सक्नेछन्। (कृषि उद्यम विकास कार्यक्रम सञ्चालन मापदण्ड, २०८२) |
| ४ | **जलवायुमैत्री प्रविधि प्रवर्धन कार्यक्रम** | | | | |
| ४.१ | ग्रामीण कृषि पर्यटन प्रवर्द्धन कार्यक्रम | ५०-९० | २ पटक | १० | ग्रामीण क्षेत्रमा सञ्चालनमा रहेका होमस्टे, फार्मस्टे, रैथाने कृषि उपज प्रवर्द्धन गर्ने होटल, सामुदायिक पाहुना घर रहेको वडाका कृषि फर्म, कृषक समूह/कृषि सहकारीमार्फत आवेदन दिन सक्नेछन्। आवेदकले होमस्टे, फार्मस्टे, रैथाने कृषि उपज प्रवर्द्धन गर्ने होटल, सामुदायिक पाहुना घरसँग पूर्व खरिद सम्झौता गर्नुपर्नेछ। (जलवायुमैत्री प्रविधि प्रवर्द्धन सम्बन्धि कार्यक्रम सञ्चालन मापदण्ड, २०८२) |

**आवश्यक कागजातहरु**

१) रु. १०/- को हुलाक टिकट टाँस गरेको निवेदन र स्पष्टरुपले भरिएको प्रस्तावना फारम,
२) नेपाली नागरिकताको प्रमाणपत्र,
३) जग्गा धनीको लालपुर्जाको प्रतिलिपि वा भाडाको जग्गा भए जग्गा करारनामा सम्झौताको प्रतिलिपि,
४) कार्यक्रमको नाम उल्लेख गरी स्पष्ट रुपमा लेखिएको वडा कार्यालयको सिफारिस पत्र वा सम्बन्धित स्थानीय तहको कृषि शाखाको सिफारिस पत्र।
५) कृषि फर्म, समूह, संस्था, समिति, कम्पनी वा सहकारीले देहायका कागजातहरु संलग्न गर्नुपर्नेछः
दर्ता/स्थापना सम्बन्धी कागजातको प्रतिलिपि, नविकरण गर्नुपर्ने भएमा नविकरण प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बरको प्रमाणपत्रको प्रतिलिपि, गत आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन (सहकारीको हकमा मात्र), निर्णयको प्रतिलिपि (समुह र सहकारीको हकमा), कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि, अघिल्ला दुई आर्थिक वर्षमा अनुदानको लागि प्रस्ताव आव्हान गरिएकोमा कुनै कार्यालयबाट अनुदान प्राप्त गरे वा नगरेको स्वघोषणा पत्र)

**पुनश्च :** माथि उल्लेखित कार्यक्रमहरु प्रदेश सरकारको बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०८१ र कृषि भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, गण्डकी प्रदेशको कार्यक्रम संचालन सम्बन्धी स्वीकृत/संशोधित मापदण्ड पूर्णरुपमा लागू हुनेछन्। उल्लेखित मितिभित्र आवश्यक कागजात र प्रकृया नपुगेका आवेदनहरुमाथि कुनै प्रकृया अगाडी बढाउन कार्यालय बाध्य हुने छैन।

थप जानकारीको लागिः कृषि ज्ञान केन्द्र तनहुँ, फोन नं. ०६५-५६३१३०, ९८५६०६४१३०, ९८५६०७२२८६, ९८४६३६१९१८, वेवसाईटः tanahun.akc.gov.np

गण्डकी प्रदेश सरकार
कृषि भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र
तनहुँ

निमित्त प्रमुख